नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक ६३ | २०७९ साल असोज १४ गते शुक्रबार (30 Sep 2022 Friday) | मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np




यस अंक भित्र : २ पृष्ठमा : न ढोल बजेको सुनिन्छ,.. ३ पृष्ठमा : सञ्चारमाध्यमका दर्शक, ... ३ पृष्ठमा :तालिबानद्वारा महिला जुलुसमाथि...

# राष्ट्रपतिले संविधान उल्लंघन गरिन् : सामाजिक विकास मन्त्री साह



**दैनिक समाचारदाता**
**राजबिराज, १३ असोज ।**

मधेश प्रदेशका सामाजिक बिकास मन्त्री नवलकिशोर साहले जनतासँग प्रत्यक्ष सरोकार राख्ने नागरिकता जस्तो संवेदनशिल विषयमा राष्ट्रपति गम्भिर नभएको आरोप लगाएका छन् ।

जसपा सप्तरीद्वारा बिहीबार राजविराजमा आयोजित बृहत अन्तरक्रिया तथा दशै, तिहार र छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रममा बोल्दै मन्त्री साहले सो आरोप लगाएका हुन् ।

मन्त्री साहले राष्ट्रपतिले संबिधानको पालना नगरी प्रतिनिधिसभा र राष्ट्रिय सभाको दुबै सदनबाट बहुमतले पारित बिधेयकलाई प्रमाणिकरण नगरी संबिधानको उल्लंघन गरेको आरोप समेत लगाए ।

सोही कार्यक्रममा जसपा राजनैतिक समिति सदस्य एवं संविधानसभा सदस्य रन्जु ठाकुरले राष्ट्रपति भण्डारीलाई ससंदबाट पारित नागरिकता विधेयक रोक्ने अधिकार संविधानले नदिएको जिकिर गरिन ।

उनले राष्ट्रपति भण्डारीले नेपालको संविधानको उल्लंघन गरेको आरोप लगाउँदै एमाले देशमा संविधान उलंघन गर्ने सबैभन्दा अग्रपंक्तिमा रहेको पार्टी रहेको दाबी गरिन् ।

जसपा केन्द्रिय सदस्य विकास तिवारीले नागरिकताको समस्या मधेशीमाथी थुपार्ने तथा भ्रमको खेती गर्ने प्रतिगामी शक्तिको ईसारामा पदिय मर्यादा विपरीत कदम उठाएर राष्ट्रपतिले नाङ्गो नाच देखाएको बताए । राष्ट्रपतिको कदमले देशलाई अन्तर्राष्ट्रिय जगतमै बदनाम गराएको भन्दै देशको प्रतिष्ठालाई जोगाउन राष्ट्रपतिको कदम विरुद्ध आन्दोलन गर्नुपर्ने बताए ।

त्यस्तै जसपा राजनीति समिति सदस्य बिनोद चौधरीले नेपाली नागरिकलाई नागरिकताबाट बन्चित गर्न एमाले लागि परेर नेपाली जनतामाथि ठूलो अन्याय गरेको टिप्पणी गरे ।

जसपा जिल्ला अध्यक्ष केदार यादबले नेपाली नागरिकलाई नागरिकता पाउनुपर्छ भनेर जसपा पार्टी अझै पनी संघर्षमा नै रहेको भन्दै उत्पीडित जातिसमुदायको अधिकार सुनिश्चितताका लागि सरकार, सदन र सडकमा संघर्ष निरन्तर जारी रहने बताए ।

यसैगरी जसपा नेता प्रभाकर यादबले पहिचान, प्रतिनिधित्व, सामाबेशिता र अधिकारका लागि उत्पीडित समुदायहरु एकताबद्ध हुनुपर्नेमा जोड दिए ।

जसपा जिल्ला अध्यक्ष केदार प्रसाद यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा राजनैतिक समिति सदस्य विशेश्वर रजक,

***बाँकी अन्तिम पृष्ठमा***

# सप्तकोसीमा जेटबोट सञ्चालनमा

इनरुवा, १३ असोज (रासस) ।

सुनसरीको बराहक्षेत्र नगरपालिका-१ चतराघाटदेखि कोप्चेसम्म जेटबोट सञ्चालनमा आएको छ ।

सप्तकोसी नदीमा हिउँदको समयमा बराहक्षेत्र मरिन एन्ड रिसोर्ट, सप्तकोसी टुरिजम एन्ड वाटर ट्रान्सपोर्टेसन, नेपाल रिभर ट्रान्सपोर्ट प्रालि, बराहक्षेत्र जल यातायात तथा पर्यटन सेवा प्रालिसहितले तीन लामो दूरीका र चार छोटो दूरीका जेटबोट सञ्चालनमा ल्याएको बराहक्षेत्र मरिन एन्ड रिसोर्ट जेट बोटका सञ्चालक नवीन पौडेलले जानकारी दिनुभयो ।

हिउँदको बेला चाडपर्वमा स्थानीयवासीलाई आवतजावत गर्नका लागि सहज होस् भने उद्देश्यले जेटबोट सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो । सप्तकोसी किनारस्थित बराहक्षेत्र मन्दिरबाट जेटबोट सञ्चालन भएको पौडेलले जानकारी दिनुभयो । दसैं तिहार लक्षित गरी यात्रुलाई सहजताका साथ आफ्नो गन्तव्यस्थल पुग्नका लागि जेटबोट सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो ।

बराहक्षेत्रबाट कोप्चेसम्मका जेटबोटको हालको भाडादर जनही रु छ सय कायम गरिएको छ । जेटबोटले पाँच किलोमिटको दूरी तय गर्नेछ । पानीको सतह घटेपछि भाडादरमा समायोजन गरिने पौडेलको भनाइ छ । बराहक्षेत्रबाट जेटबोट सञ्चालन भएपछि भोजपुरको दक्षिणी क्षेत्र, धनकुटाको सिम्ले, अखुवाटार, त्रिवेणी, साङ्मालगायत ठाउँमा यात्रा गर्नका लागि सहज हुने उहाँले बताउनुभयो । जेट बोटको क्षमता ४० जना अटाउने रहेको छ ।

# थप ४५ मा कोरोना संक्रमण पुष्टि

काठमाडौं, १३ असोज (रासस) ।

देशभर पछिल्लो २४ घण्टामा थप ४५ जनामा कोभिड संक्रमण पुष्टि भएको छ । यस अवधिमा दुई हजार छ सय ७८ जनाको नमूना परीक्षण गरिएको थियो । एक हजार तीन सय सात जनाले पिसीआर र एक हजार तीन सय ७१ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

बिहीबार ७० संक्रमित कोरोना संक्रमणमुक्त भएका छन् । यससँगै संक्रमण मुक्त हुनेको संख्या नौ लाख ८६ हजार छ सय १७ पुगेको छ । संक्रमण मुक्त हुने दर ९८ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

हाल सक्रिय संक्रमितको सल्भस्ंख्या एक हजार ७७ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या १२ हजार १८ पुगेको छ । होम आइसोलेशनमा एक हजार ४१, संस्थागत आइसोलेशन ३६ र आइसियूमा नौ जना संक्रमित रहेका छन् ।

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**
**फोन नं. ०३१-५२१४७८**
**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## सम्पादकीय

# बैंकको दोहोरो नीतिले ग्राहक अन्योलमा

नेपाल राष्ट्र बैंकले जारि गरेको मौद्रिक नीति र चालु पुँजी कर्जा मार्गदर्शन २०७९ को बिरोधमा देशभरकै व्यापारीहरु आन्दोलित भएका छन् । नेपाल राष्ट्र बैंकले जारि गरेको मौद्रिक नीति र चालु पुँजी कर्जा, मार्गनिर्देशन २०७९ को बिरोधमा उनीहरु आन्दोलित भएका हुन् । नेपाल राष्ट्र बैंकले जारि गरेको मौद्रिक नीति र पुँजी कर्जा मार्गदर्शन २०७९ ले उद्योगधन्दा, कलकारखाना, व्यापार व्यवसाय सबै चौपाट हुने अवस्थामा पुग्ने भएकाले उनीहरु बाध्य भएर आन्दोलनमा उत्रनु परेको हो ।

सप्तरी जिल्लामा दुई दर्जन भन्दा बढीको संख्यामा बित्तिय संघसंस्थाहरु संचालनमा रहेका छन् । एक दशकअघि यस जिल्लामा तीन वटा सरकार बैंक बाहेक कुनै निजि बित्तिय संस्था रहेका थिएनन् । तर, अहिले बित्तिकय संस्थाहरु खोल्ने होडबाजी चलिरहेको अवस्थामा राष्ट्र बैंकको निर्देशन बमोजिम मुलुकको सम्पूर्ण स्थानिय तहहरुमा बित्तिय संस्था अनिवार्य खोल्नु पर्ने प्रावधान अनुरुप खोलिएको हो । यसरी खुल्ला प्रतिस्पर्धात्मक युगमा निजि बित्तिय संस्था तथा बैंकहरु खंचालनमा आउनु सकारात्मक कुरो हो । जनतालाई पायक पर्ने गरि खोलिएका बित्तिय संस्थाहरुमा उनीहरुलाई करोबार गर्न सजिलो भएको छ । सदरमुकाम राजविराजमै डेढ दर्जन निजि बैंकहरु संचालनमा रहेका छन् । जसकारण बचत गर्ने तथा ऋण लिने ग्राहकहरुलाई आफूअनुकुल सहज भएको छ । यसले बित्तिय बजारलाई समेत प्रतिष्पर्धा बनाएको छ ।

अर्कोतिर, राष्ट्र बैंकले सबै बित्तिय संस्थालाई एकरुपतामा ल्याउनु एउटै ब्याज दर तोकेपनि ती संस्थाहरुले आफ्नो ग्राहकलाई छिटो र छरितो सेवा दिने तथा ब्याजको प्रलोभन देखाउँदै आफ्नो तर्फ तान्ने रणनीति बनाएका छन् । ग्राहकहरुसँग बचत गर्ने तथा ऋण दिने बेलामा एक कुरा र बचत गरिसकेपछि र ऋण दिइसकेपछि अर्को नियम देखाउँदै गर्ने गरेको ब्यबहारले बित्तिय संस्थाको छबिलाई केही धमिलो पारेको छ । तसर्थ यस्ता कार्यले बैकिङ क्षेत्रप्रति जनताको विश्वासलाई केहि संकोचित बनाएको छ ।

# न ढोल बजेको सुनिन्छ, न झिझिया

**गोपालप्रसाद बराल**
महोत्तरी, १३ असोज (रासस) ।

'न ढोल बजेको सुनिन्छ, न झिझियाको स्वर !' मधेशको प्राचीन मिथिला क्षेत्रमा पर्व डाक्ने आफ्नै स्थापित परम्परा छन् । पछिल्लो समय पर्वविशेषका पुराना लोकपरम्परा हराउँदै गएका छन् । दसैँ सुरु हुनासाथ नगर/गाउँ बस्तीमा बज्ने ढोल र बस्तीबस्तीमा गरिने झिङ्झिया नृत्य देखिन छाडेपछि राष्ट्रिय महत्वको यो पर्वमा स्थानीय लोकपरम्परा हराउँदै गएको भान भएको हो ।

घटस्थापनाकै दिन सन्ध्याकालमा प्रत्येक बस्तीमा चमार मुखिया काँधमा बडेमाको नगरा भिरेर त्यसलाई बजाउँदै 'दसैँको ढोल' भन्दै घुम्दथे । तिनका पछि दौडने स-साना नानीको ताँती लाग्थ्यो । ढोल बजेको सुन्नासाथ दसैँ लागेको भनक दिने यो लोकपरम्परा अब देखिन,सुनिन छाडेको छ । "गाउँघरमा अब न ढोल बज्छ, न झिझिया नै देखिन्छ । " भङ्गाहा नगरपालिका-३ कटैया बस्तीकी ५० वर्षीया चन्द्रकला यादव भन्नुहुन्छ, "दसैँ पर्व लागेजस्तो नै बुझिन्न ।" दसैँ सुरु भएको चार दिन भइसक्दासम्म बस्तीमा ढोल नबजेको र राति झिझियाको लय सुन्न नपाइएको उहाँको भनाइ छ ।

त्यसैगरी नवरात्र सुरुआत भएकै दिन मिथिला क्षेत्रमा घन्कने झिझिया गीत र त्यसको तालमा जादुमय तरिकाले नाच्ने नृत्याङ्गनाको समूह पनि अब पातलिँदै गएको छ । 'तोहरे लागि झिझिया बनैली हो बरमबाबा...!' को रागले सुनसान रातमा बस्तीका सडक हुँदै ग्रामदेवता (ब्रम्हस्थान)स्थलमा पुगेर बडा दसैँमा मिथिलानीहरूले सुरिलो भाखामा गाउँदै फनफनी आफूलाई घुमाएर नाचेको देखाउने यो प्राचीन तान्त्रिक नृत्य अब देखिन छाडेपछि बुढापाका मैथिल (मिथिलाका बासिन्दा) आफ्नो मौलिकता हराउँदै गएको भन्दै चिन्ता जनाउँछन् ।

"अब खै हाम्रो पर्व परम्परा भन्ने के रहला र ? दशहारा (दसैँ) मा न ढोल बज्छन्, न झिझियाकै स्वर सुनिन्छ" मिथिलाका विशिष्ट मानिने यी लोकपरम्परा हराउँदै गएको बताउँदै मटिहानी नगरपालिका-७ का ज्येष्ठ नागरिक ८५ वर्षीय बिन्देश्वरीप्रसाद मण्डल भन्नुहुन्छ, "हाम्रो जनजीवनसँग जोडिएका लोकपरम्परा भावी सन्तानलाई दन्त्यकथा झैँ सुनाउनुपर्ने दिन अब धेरै पर छ झैँ लाग्दैन ।"

महोत्तरीसहितका मिथिलामा दसैँ पर्वको नवरात्र सुरु भएसँगै बस्तीका घर/घरैजसो 'दसैँ के ढोल' भन्दै चमार नाइकेले बजाउने ढोल र राति महिलाले सामूहिक रूपमा गीत गाउँदै नाचिने झिझिया देख्न छाडिएपछि मण्डलजस्तै यसभेगका सर्वसाधारणले चिन्ता जनाएका छन् । "बाबु,पुराना परम्परा हराउँदै गए, अब चिन्ता लाग्दैछ, अब के पहिचान रहला ।" बर्दिबास नगरपालिका-९ पशुपतिनगरका ८० वर्षीय नथुनी महतो भन्नुहुन्छ, "दशहारामात्रे नई भ आन पावैनके परम्परा सेहो टुइट रहल देखैछी" -दसैँमात्र नभएर अन्य अवसरका परम्परा पनि देखिन छाडेकाछन्)। फागु पर्वमा एक महिना पहिलेदेखि हुने फागु गीतको रौनक र वसन्त उत्सव परम्परा पनि देखिन छाडेको महतोको चिन्ता छ ।

गाउँनगर बस्तीका पाका चमार जातिका अगुवा बुढ्याँइले हिँडडुल गर्न छाडेर नयाँ पुस्ताका चमार युवाले पुरानो थिति नअँगालेपछि अब दसैँको ढोल बज्न छाडेको हो । "जहिलेसम्म शरीरले साथ दियो, रमाइलो मानेर ढोल बजाउँथे, अब छोरा/नाति ढोल बजाउन चाँहदैनन्, के गरौँ । " भङ्गाहा-३ थारुटोल बनराका ७० वर्षीय चमार समुदायका अगुवा मञ्जित राम चमारले भन्नुभयो, "दलित समुदायभित्रको चमार जातिका नयाँ पुस्ताका किशोर र युवा रोजगारीका लागि भारत र अन्य अरब राष्ट्र जान थालेपछि पुर्ख्यौली रीतिथिति र पेसा थाम्ने कुरा ओझलिएको चमार जातिका पाका उमेरका अगुवाको समान भनाइ छ ।"

त्यसैगरी असुर प्रवृतिविरुद्ध सात्विक प्रवृति र असत्यमाथि सत्यको विजयको प्रतीकका रूपमा मनाइने दसैँ पर्वमा झिझिया नृत्य मिथिला क्षेत्रको प्रमुख आकर्षण रहँदै आएको थियो । "दसैँ लागेपछि प्रत्येक रात बस्तीका महिला सहभागी हुने झिझिया नृत्य पछिल्ला केही दशकयता सुनिन, देखिन छाडेको छ" महोत्तरी जिल्लाकै रामगोपालपुर नगरपालिकाको टेङर बस्तीका पुराना राजनीतिक कार्यकर्ता गणेशप्रसाद यादव भन्नुहुन्छ, "अब यसबारे नयाँ पुस्ताले चासो राख्नुपर्छ ।" पछिल्ला केही वर्षयता गाउँ/नगर बस्तीमा डिस्को बाजासँगै कर्कस स्वरमा बजाउन थालिएको गीत र त्यसको तालमा उफ्रदै नाच्ने जमातप्रति यादवले व्यङ्ग पनि गर्नुभयो ।

दसैँ लागेपछि अघि सत्य युगमादेवी दुर्गाबाट पराजित भएका दुष्ट आत्मा टोल बस्तीमा प्रवेश गरेर सर्वसाधारणलाई दुखः दिन सक्ने रुढी विश्वासका आधारमा त्यस्ता आत्मालाई प्रवेश गर्न नदिन मिथिलानीले राति जाग्राम रही ग्राम देवतालाई पुकारा गर्दै गाउने गीत र नृत्यलाई झिझिया भनिन्छ । असङ्ख्य स-साना प्वाल पारिएको माटोको गाग्रो (घैँटो) भित्र बत्ती बालेर एकजना फनफनी नाच्दै घुम्ने र अरुले गीत गाउँने गरेको यो पुरानो संस्कृति नयाँ पुस्ताका छोरीबुहारीले नअगालेपछि यो लोप हुने स्थितिमा पुगेको अगुवा महिला नै बताउँछन् । "हुन त यो रुढी विश्वासको परम्परा हो" बर्दिबास नगरपालिकाका उपप्रमुख तारादेवी महतोले भन्नुहुन्छ,"तर मिथिला संस्कृतिको अभिन्न अङ्ग भनिने गरिएकाले यसलाई परिमार्जित गर्दै संरक्षण गर्न जरुरी छ ।" तान्त्रिक विधिको यो गीत-नृत्य अब एक समयको कथाजस्तो बनि सकेको उपप्रमुख महतोको थप भनाइ छ । मिथिलामा हराउँदै गएको यो परम्परालाई केही वर्षयता गैर सरकारी सामाजिक सङ्घ संस्थाले यदाकदा देखाउने गरेका भए पनि जनमनबाट भने हराउँदै गएको यहाँका वुद्धिजीवीको भनाइ छ ।

"यो औपचारिक कार्यक्रममा मञ्चन गरिने होइन, संस्कृतिसँग जोडिएको कुरा हो" मटिहानीस्थित याज्ञबल्क्य लक्ष्मीनारायण विद्यापिठका सहप्राध्यापक ध्रुव राय भन्नुहुन्छ, "गैर सरकारी संस्थाले मञ्चमा मञ्चन गरेर यो थेगिदैन, जनमनले नै थेग्नुपर्छ ।" मिथिला संस्कृतिको अभिन्न अङ्ग मानिएको झिझिया गीतको नृत्यलाई जीवन्त राख्न पछिल्लो पुस्ताले चासो बढाउनसँगै पहलकदमी लिनुपर्ने रायसहितका वुद्धिजीवीको सुझाव छ ।

अब झिझियाको लयमा नारी शिक्षाको अवस्था, सुरक्षा अवस्थाको चुनौती र वर्तमान परिवेशसँग मेल खाने भाव समेटेर यसलाई परिस्कृत गर्न पर्ने नयाँ पुस्ताका युवा बताउँछन् । पछिल्ला केही वर्षयता झिझिया नृत्यलाई निरन्तरता दिँदै आएकी बर्दिबासकी सावरमती सहनी रहर गरेपनि साथी नथपिएपछि यसपाली

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569




डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

डेंगुबाट बचौं
- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु
यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।
छिन्नमस्ता गाउँपालिका
छिन्नमस्ता, सप्तरी

# सञ्चारमाध्यमका दर्शक, श्रोता र पाठक घट्यो : अध्ययन प्रतिवेदन

काठमाडौँ, १३ असोज (रासस)।

कोभिड-१९ पछिको असर र वैकल्पिक मिडियाको बढ्दो प्रयोगसँगै रेडियो, टेलिभिजन र पत्रपत्रिकाजस्ता परम्परागत सञ्चारमाध्यमका दर्शक, स्रोता र पाठक घट्न थालेका छन्।

सञ्चारविज्ञसहितको टोलीले गरेको एक अध्ययनले टेलिभिजनका दर्शकमा १२ दशमलव दुई, रेडियोका स्रोता १४ र पत्रपत्रिकाका पाठक १७ प्रतिशतले घटेको देखाएको छ भने समाचार ग्रहणका लागि यी माध्यमको प्रयोग मानिसले अनिवार्य नभई आक्कलझुक्कलरूपमा गर्न थालेको पाइएको छ।

यद्यपि समसामयिक सूचना र आएका सूचनाको विश्वसनीयताका दृष्टिले यी माध्यमको औचित्य कायमै रहेको देखिएको छ। सामाजिक सञ्जाल प्रयोग बढे पनि मानिसहरू त्यहाँ आउने सूचनालाई भरसक विश्वास गरिहाल्दैनन्।

मुलुकभरका १८ वर्ष उमेरमाथिका पाँच हजार पाँच सय ८२ जना बीच स्थलगत अध्ययनका आधारमा 'शेयरकाष्ट इनिसिएटिभ नेपाल'ले प्रकाशन गरेको 'नेपाल मिडिया सर्भे, २०२२'ले केही त्यस्ता रोचक तथ्यहरू उजागर गरेको छ, जसले सञ्चारमाध्यम र सामाजिक सञ्जालहरूको प्रयोग, विश्वसनीयता र सञ्चार उद्यमी तथा सञ्चारकर्मीहरूका लागि भावी लक्ष्य कोर्न बाटो देखाइदिएको छ।

अध्ययन प्रतिवेदनअनुसार सर्भेक्षणमा सहभागीमध्ये रेडियोको प्रयोगको सङ्ख्या ४५ दशमलव दुई प्रतिशत, टेलिभिजनको प्रयोग ४८ दशमलव पाँच प्रतिशत, मोबाइल र इन्टरनेटको प्रयोगको सङ्ख्या ६३ प्रतिशत र अनलाइन न्यूज पोर्टल प्रयोगको ३० प्रतिशत र पत्रपत्रिका प्रयोग १५ प्रतिशतले गर्ने गरेका छन्।

सोही संस्थाले सन् २०२० मा गरेको यस्तै प्रकारको अध्ययनको तुलनामा रेडियो, टेलिभिजन र पत्रपत्रिकाका प्रयोगकर्ता घटेका छन् भने मोबाइल र सामाजिक सञ्जालको प्रयोगकर्ता बढेका छन्। अध्ययनले रेडियो र टेलिभिजन सेटबाट नभई इन्टरनेटको प्रयोगबाट मोबाइलबाटै रेडियो सुन्ने र टेलिभिजन हेर्नेहरू पनि बढिरहेका छन्।

सूचना तथा प्रसारण विभागको अभिलेखअनुसार देशभरबाट आव २०७७/७८ सम्ममा दर्ता भएका पत्रपत्रिकाको कुल सङ्ख्या सात हजार आठ सय ७४ रहेको छ। यीमध्ये काउन्सिलको वर्गीकरणमा करिब एक हजार पर्ने गरेका छन्। पछिल्लो समयमा पत्रपत्रिकाको उत्पादन सङ्ख्या घट्न थालेको छन्। पत्रपत्रिकाहरूले अनलाइन संस्करणबाट आफ्ना पाठकलाई जोड्न थालेका छन्। दूरदराजमा पत्रपत्रिकको उपलब्धता नहुने भएकाले तथा आफ्नो पेशा व्यवसायका कारण समय दिन नसकिने हुँदा पत्रपत्रिका पढ्ने प्रवृत्ति

*बाँकी अन्तिम पृष्ठमा*

### *न ढोल बजेको ...*

झिझियालाई निरन्तरता दिन नसकेको बताउनुहुन्छ। "नयाँ पुस्ताका युवा छोरीचेली वास्ता देखाउँदैनन्" उहाँले भन्नुभयो, "अब त झिझिया भन्ने कुरा कुनै जमानाको कथाजस्तो गरी सुनाउने स्थिति भइसक्यो।" यद्यपि सो बस्तीकै रश्मी, निभा र बिमलासहितका नयाँ पुस्ताका युवा मिथिलानी भने यो पुरानो मिथिला संस्कृति जोगाउन अब आफूहरू लागि पर्ने बताउनुहुन्छ।

'चलचल गे डैनिया कदम तर तोरा बेटाके खैबौ बढम तर' दुष्टआत्माकी भनिएकी कथित बोक्सीलाई सतोसराप गर्दै गाइने यी गीत र यसको तालमा नाचिने झिझिया नृत्यलाई यसैको ताल र लयमा नयाँ परिवेशसँग मिलाएर अघि बढ्नुपर्ने अहिलेका सचेत अगुवा महिला बताउँछन्। "अब डायनी, बोक्सी भनेर गाली गरिने यी गीतको भावमा अधिकार प्राप्तिका लागि सचेतता बढाउँने, रुढी परम्पराको ठाउँमा समानता र न्यायका पक्षका लडाँइका भाव मिलाउनु पर्छ" भङ्गाहा-४ थारुटोल बनराकी अगुवा महिला नेतृ रामसुनरदेवी थारु भन्नुहुन्छ, "झिझियालाई यसरी परिस्कृत गर्दै अघि बढे यसलाई मुलुकको समानता र न्यायको आन्दोलनकै अङ्ग बनाउन सकिनेछ।"

झिझिया गीतमा देवी दुर्गाको प्रार्थना, बोक्सी भनिने दुष्टआत्मालाई गाली र सन्तानको कल्याण र दीर्घायुको कामनाको भाव हुन्छ। गीतको तालमा असङ्ख्य प्वालपवले भएको घैंटो टाउकोमा राखेर नाच्ने महिलाको नृत्यताल मनमोहक हुनेगर्छ। भित्र बत्ती बालिएको सो घैंटोमा पारिएका प्वाल दुष्टआत्माले गन्यो भने नाच्नेको मृत्यु हुने भनाइ रहेकाले नाच्ने महिला फनफनी नाचेर प्वाल गन्न नसकिने अवस्था बनाउँछन्।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्वारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**


**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५



## हार्दिक मंगलमय शुभकामना



२०७९ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण पालिकावासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**विद्यानन्द चौधरी**
**अध्यक्ष**
**तथा**
**छिन्नमस्ता गाउँपालिका परिवार**
**छिन्नमस्ता, सप्तरी**


## विश्व समाचार

### तालिबानद्वारा महिला जुलुसमाथि हवाई फायर

काबुल, १३ असोज (रासस-एएफपी)।

प्रहरीको हिरासतमा रहेकी एक जना महिलाको मृत्यु भएको विरोधमा इरानमा भएको विरोध प्रदर्शनलाई समर्थन गर्ने महिला जुलुसलाई तितरबितर पार्न तालिबान सेनाले बिहीबार गोली चलाएको छ।

बाइस वर्षीया महसा अमिनीको मृत्यु भएपछि छिमेकी देशमा विगत दुई हप्तादेखि व्यापक विरोध प्रदर्शन भइरहेका छन्। एउटै नारी "नारी, जीवन, स्वतन्त्रता !"लगायतका विषय उठाउँदै विरोध प्रदर्शन जारी जारी छ। महिला प्रदर्शनकारीले "इरान उठ्यो, अब हाम्रो पालो !" लेखिएको ब्यानर बोकेका थिए। "काबुलदेखि इरानसम्म, तानाशाहीलाई नभन्नुहोस !" प्रदर्शनीलगायतका नारा उच्चारण गरिएका छन्।

### तालिबानले रुससँग तेल, ग्यास र गहुँ खरिद गर्ने

काबुल, १३ असोज (रासस-एएनआई)।

तालिबानले रुससँग गहुँ, ग्यास, तेल खरिद र आयात गर्ने सम्झौतामा हस्ताक्षर गरेको छ। तालिबानका प्रवक्ताले पेट्रोल, डिजेल, ग्यास र गहुँ लगायतका उत्पादन रूसी मुद्रामा "विशेष छुट" हुनेगरी खरिद गर्न लागेको खामा प्रेस समाचार एजेन्सीले जनाएको छ। युक्रेन आक्रमण गरेपछि रुसमाथि लगाइएका प्रतिबन्धका कारण यो सम्झौता बताइएको छ। पश्चिमी देशले रुस माथि बन्देज लगाएपछि मस्कोले आफ्नो निर्यात युरोपबाट एसियातर्फ सार्न बाध्य भएको छ।

आर्थिक विकास, व्यापार र ट्रान्जिट तालिबान गत वर्ष अगस्टमा सत्तामा आएदेखि उच्च प्राथमिकतामा राखेको छ। इस्लामिक समूहले यस क्षेत्रका देशसँग कूटनीतिक र आर्थिक संलग्नता जारी राखेको छ। यस वर्षको शुरुमा उच्चस्तरीय तालिवान प्रतिनिधिमण्डलले रुसको भ्रमण गरेपछि यो सम्झौता भएको हो। मस्को बाहेक, कयस क्षेत्रका देशका थुप्रै कम्पनीले अफगानिस्तानको निकासी उद्योग क्षेत्रमा लगानी गर्न चासो देखाएका छन्।

तालिवान नेतृत्वले आफू अन्तरराष्ट्रिय समुदायसँग व्यापार सम्झौताको निरन्तर खोजीमा रहेको बताउँदै आएको छ। मङ्गलबार जारी गरिएको संयुक्त राष्ट्रसंघको प्रतिवेदनले अफगानिस्तानको अर्थतन्त्र गम्भीर आर्थिक संकुचन र तालिवानको कब्जापछि आएको बैंकिङ तथा वित्तीय सङ्कटका कारण निकै कमजोर भएको बताइएको छ।

"उपलब्ध तथ्याङ्कले भन्सार र गैरकर स्रोतद्वारा सञ्चालित जुन महिनासम्मको राजस्व सङ्कलन गत वर्षको सोही अवधिमा रेकर्ड गरिएको स्तरसँग बराबर रहेको र कोइला र फलफूलबाट सञ्चालित निर्यातले विगतको आँकडालाई उछिनेको देखाएको छ" संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सुरक्षा परिषद्लाई दिएको पछिल्लो त्रैमासिक प्रतिवेदनमा सो बारे उल्लेख गरिएको छ। राजनीतिक अनिश्चितता, सेवामा अपर्याप्त पहुँच र आर्थिक सहभागिताबाट महिला बहिष्करणका कारण सहायता प्रवाहमा अचानक रोक लगाइनुले आर्थिक वृद्धिमा समस्या आएको देखिएको छ।

### पाकिस्तानमा डेङ्गुको प्रकोप झन् बढ्यो

इस्लामावाद, १३ असोज (रासस/सिन्हवा)।

पाकिस्तानमा केही हप्तायता देखिएको बाढी र पहिरोले ठूलो जनधनको क्षति पुगेकोमा अहिले फेरी डेङ्गुको प्रकोप थप बढेको छ। यहाँका स्वास्थ्य अधिकारीहरुले जनाएअनुसार पाकिस्तानका बाढी प्रभावित क्षेत्रमा डेङ्गुको प्रकोप बढेको हो। डेङ्गुको प्रकोप बढ्दै गएको र यसबाट मृत्यु हुनेको सङ्ख्या पनि प्रतिदिन बढ्दै गएको यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीले जनाएका छन्।

यसअघि बाढीबाट पनि बढी क्षति पुगेको पाकिस्तानको सिन्ध प्रान्तमा डेङ्गुको पनि प्रकोप बढेको हो। सो प्रान्तमा मात्र गएको २४ घन्टायता तीन सय ८७ जना डेङ्गुका बिरामी भेटिएका छन्।

यसपछिको प्रभावित क्षेत्र कराँची हो। कराँचीमा मात्र गएको २४ घन्टामा दुई सय ५३ जनामा यसको सङ्क्रमण देखिएको छ।

सिन्ध र कराँची यस वर्षको मनसुनी वर्षाबाट सबैभन्दा बढी प्रभावित भएका प्रान्त हुन्, ती क्षेत्रमा बाढीका कारण बढेको फोहर र अन्य कारणहरुले गर्दा यहाँ डेङ्गुको ज्वरोको प्रकोप बढेको बताइएको छ।

यी दुई प्रान्तमा गरेर गएको सेप्टेम्बर महिना यतादेखि आजसम्ममा नौ हजार जनाभन्दा बढीमा यसको प्रकोप देखिएको हो। सिन्ध प्रान्तमा मात्र छ हजार छ सयजनामा यसको प्रकोप देखिएको छ। यी दुवै प्रान्तमा यसको प्रकोप बढ्दै गएको पाइएको अधिकारीले जनाएका छन्।

पाकिस्तानमा यस वर्षको मनसुनबाट प्रभावित अर्को प्रान्त खैबर पाख्थुन्ख्वा हो र यहाँ पनि डेङ्गुको प्रकोप बढ्दो देखिएको छ। यहाँ पनि यसवर्ष मात्र पाँच हजार जनाभन्दा बढीमा यो संक्रमण देखिएको खैबरको स्वास्थ्य विभागका प्रमुखले जानकारी दिएका छन्।

# पातो सडकको निर्माण सुस्त

गोलबजार, १३ असोज (रासस) ।

सप्तरीको हुलाकी सडकको सहायक सडक खण्डको रूपमा निर्माण भइरहेका कठौना-पातो-फत्तेपुर-कटैया सडक निर्माण सुस्त छ । विसं २०७५ जेठ ४ गते भएको सम्झौता अनुसार विसं २०७७ मङ्सिर १७ गते सम्म सडक निर्माण सक्नुपर्नेमा सो सडकको ४८ प्रतिशत कार्य मात्रै सकिएको हुलाकी सडक आयोजना कार्यालयका इटहरीका इञ्जिनीयर सञ्जयकुमार ठाकुरले जानकारी दिनुभयो । अहिले सम्म तेस्रो पटक म्याद थप भई सकेता पनि सडक निर्माण कार्यले गति लिएको छैन ।

वर्षामा हिल्लामै हिउँदमा धुलामै हुने यो सडक हुँदै दैनिक एक दर्जन भन्दा बढी यात्रुबाहक बस राजविराज, विराटनगर, जनकपुर, सङ्घीय राजधानी काठमाडौँसम्म पुग्छ । सडक समयमै कालोपत्र नभएकोले गाडीले उडाएको धुलोले दिउँसै अध्यारो हुने गरेको छ । डाकनेश्वरी नगरपालिका -१ अमरलति चौकका धुव्र चौधरीले भन्नुभयो, "स्थानीयमा धुलोबाट श्वाशप्रशस्वासको रोग देख्न थालेकोछ अहिले सडकमा कुनैपनि निर्माण कार्य भइरहेको छैन ।

वर्षात्को मौसम सकियो । सडक निर्माण भएको छैन ।" रु ७० करोड ४४ लाख ६१ हजार ४३ भ्याटसहित रकममा निर्माण भइरहेको सडकाको कूल लम्बाइ १८ किलोटिर चौडाइ ११ मिटर रहेको छ । सात मिटर चौडाइ मात्र कालोपत्र हुने र कठौना बजारमा एक किलोमिटर र पातो बजारमा आठ सय मिटर नला निर्माण हुने इञ्जिनीयर संजय कुमार ठाकुरले जानकारी दिनुभयो । उहाँले ग्रामीण बस्तीमा थप नालाको आवश्यकता रहेको बताउनुभयो । फत्तेपुर, कटैयामा गाउँमा दुई किलोमिटर सडकमा स्थानीयवासीले मुआब्जा मागिरहेको तर कार्यालयमा सो सडक खण्डका लागि कुनै किसिमको मुआब्जा व्यवस्था निर्धारण नभएकोले स्थानीयवासीको सो माग पूरा गर्न नसकेको इञ्जिनीयर ठाकुरले बताउनुभयो ।

सो सडक हुलाकी सहायक खण्डको रूपमा पूर्व-पश्चिम राजमार्गको कठौना बजारदेखि दक्षिण भारतीय सीमासम्म बन्ने भएको छ । यसमा कठौनादेखि मुख्य केन्द्र विन्दुको रूपमा रहेको पातो बजारसम्म ग्राबेलको काम पूरा गरेर निर्माण कम्पनीले सडकको काम अलपत्र छाडेको छ ।

उक्त सडक निर्माण कार्यको लागि जेभीमा कान्छाराम-बामती–देव एण्ड सायर ठेक्का पाएकोमा सो सडकको निर्माण बामती भण्डार निर्माण सेवाले गरिरहेको छ ।

# दसैंको टीकाको दिन पनि निर्वाचन कार्यालय खुला रहने

**दैनिक समाचारदाता**
**काठमाडौं, १३ असोज ।**

आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा चुनावको तयारीका लागि दसैंको टीकाको दिन पनि निर्वाचन कार्यालय खुला रहने छ ।

निर्वाचनको तयारीको चटारोका कारण दशैंका बेलापनि आवश्यक निर्णय गर्नका लागि प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया सहितका आयुक्तहरुको टोली आयोगमा उपस्थित हुनेछन् ।

प्रमुख निर्वाचन आयुक्त थपलियाले भने, 'यसपाली दशैं विदा लिने अवस्था छैन, अष्टमीको दिनपनि निर्णय लिनुपर्ने हुन्छ । नवमीका दिन पनि पर्छ । यो ठाउँमा कार्यालय खोल्न समस्या पऱ्यो भनेर गुनासो आयो भने यहाँबाट निर्णय गरेर पठाउनुपर्यो । टिकाको दिन पनि कार्यालय बन्द हुँदैन । कर्मचारीलाई पालैपालो टिका लगाएर कार्यालय आउन भनेका छौँ । दशैंको टिकाको दिन पनि कार्यालय बन्द नहुने भनेर निर्णय भइसकेको छ ।'

आयोगका पदाधिकारी र कर्मचारीलाई टिका लगाउनका लागि समय पुग्ने भएपनि कार्यालय नआई घरमै बस्ने अवस्था नहुने उनले बताए । तर मतपत्र छपाइमा संलग्न गरेका कर्मचारीले भने ३ दिन बिदा पाउनेछन् ।

आयोगको असोज १५ गतेदेखि १९ गते अर्थात टीकाको दिनसम्म निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्ने कार्यतालिका रहेको छ । यस्तै असोज २३ गतेदेखि तर्फ प्रत्यक्ष तर्फको उम्मेदवारी मनोनयन दर्ताको काम सुरु हुनेछ । असोज १६ र १७ गते मतदाता नामावली प्रकाशन गर्ने कार्यतालिका रहेको छ ।

असोज २३ गते प्रतिनिधिसभा र प्रदेशसभा प्रत्यक्ष तर्फको मनोनयन दर्ता कार्यक्रमका लागि पनि तयारी गर्नुपर्ने भएका कारण पनि दसैंका बेला आयोग व्यस्त हुने भएको हो ।

## सञ्चारमाध्यमका ...

घटेको देखिएको छ ।

कान्तिपुर दैनिकका सम्पादक उमेश चौहानका विचारमा उक्त अध्ययनको विश्लेषण उत्साहजनक नभए पनि विश्वनीयताका दृष्टिमा पत्रपत्रिका, रेडियो र टेलिभिजनलाई कायमै राखिएकाले निराशाजनक छैन । उहाँले अहिले नयाँ पुस्ता कस्ता सामग्री चाहन्छन् र उनीहरूको रुचि के छ भन्नेबारेमा सामग्री उत्पादन गर्न सक्ने हो भने परम्परागत सञ्चारमाध्यमको अझै औचित्य रहने बताउनुभयो । प्रेस काउन्सिल नेपालमा दर्ता भएका अनलाइन सञ्चारमाध्यमहरूको पछिल्लो आँकडा तीन हजार छ सय २४ पुगेको छ ।

काउन्सिलको ४८औं वार्षिक प्रतिवेदनले पनि सञ्चारमाध्यमलाई सामाजिक सञ्जालका कारण चुनौती थपिएको स्पष्ट उल्लेख गरेको छ । "आमसर्वसाधारण नागरिक कुन मिडिया हो, कुन सामाजिक सञ्जाल हो, को पत्रकार हो र को होइन भनेर छुटचाउन सक्ने अवस्थामा छैनन् । आमसञ्चारका सबै क्षेत्रलाई समेट्नु र नागरिकको विश्वास बढाउनु आजको आवश्यकता हो । एउटै सञ्चारमाध्यमको समाचार पढेर, सुनेर, हेरेर नागरिकले धारणा बनाउन सकिरहेका छैनन् । किनभने तथ्यमै फरक पारिएको हुन्छ ।"

सो अध्ययन र विश्लेषणमा मधु आचार्यको नेतृत्वमा डा भूमिराज चापागाईं, डा सुधाम्शु दाहाल, कुन्द दीक्षित र रमेशप्रसाद अधिकारी सम्लग्न रहनुभएको थियो ।

## राष्ट्रपतिले संविधान ...

केन्द्रिय सदस्यहरु चित्त नारायण यादव, कैलाश यादव, केन्द्रिय सल्लाहकार सुमन चौधरी, मधेश प्रदेश समिति सचिब युसुफ अलि, मधेश प्रदेश समिति सदस्य एवम सप्तरी जिल्ला ईन्चार्ज कौशेन्द्र यादव, सदस्य शिवशंकर यादव, अमृत साफी, मधेश प्रदेश परिषद सदस्य उपेन्द्रक स प्रसाद साह, जसपा क्षेत्र नम्बर २ का अध्यक्ष नारायण प्रसाद यादव, ४ का अध्यक्ष अरविन्द कुमार यादव, समाजवादी विद्यार्थी युनियनका केन्द्रिय उपाध्यक्ष मनिस यादव, युवा नेता राज नारायण यादव लगायतले बोल्दै नागरिकता विधेयक प्रमाणीकरण नगरिए सशक्त आन्दोलन गर्ने चेतावनी दिए ।

नेपाल सरकार
कृषि, भूमि, व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
**भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज**
**सप्तरी**

मिति :- २०७९/६/११

## ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना

............ दर्ता रहेको साविक ......... मौजा रै.नं.......... हाल तपसिल बमोजिम नापी भएको जग्गा **नामसारी** गरी प्रमाण पूर्जा पाउँ भन्ने गा.वि.स./न.पा. **सुरुङ्गा नगरपालिका** वार्ड नं. **३** बस्ने **श्री सरिता देवी चौधरी** को द.न. **२४५८०** मिति **२०७९/३/२८** मा निवेदन परी **हकदाबी सम्बन्धी** सार्वजनिक सूचना प्रकाशित गर्ने मिति **२०७९/६/९** मा आदेश भए अनुरुप यो **३५** दिने सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता/नामसारी/नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले **३५** दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दाबी बमोजिम **नामसारी** गर्ने तर्फ कानून बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुर दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| दौलतपुर | ७ | २० | ०-२-६ | छविल चौधरी | |
| दौलतपुर | ८ क | २५९ | ०-१-११ १/२ | छविल चौधरी | |
| दौलतपुर | ८ क | २१८ | ०-४-१३ | छविल चौधरी | |
| दौलतपुर | ६ | १३५ | ०-४-१ १/२ | जोखिन दासिन | |
| दौलतपुर | ७ | ३९ | ०-१५-१७ १/२ | जोखिन दासिन | |
| दौलतपुर | ७ | १२४ | ०-३-० | जोखिन दासिन | |
| दौलतपुर | ७ | १३० | ०-११-१९ १/२ | जोखिन दासिन | |
| दौलतपुर | ७ | २२८ | ०-५-७ | जोखिन दासिन | |
| दौलतपुर | ८ ग | १०० | ०-२-१५ | जोखिन दासिन | |


हार्दिक मंगलमय शुभकामना



२०७९ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भुपेन्द्र प्रसाद यादव**
अध्यक्ष
तथा
समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.
संचालक समिति परिवार
राजविराज ८, सप्तरी

कोभिड-१९ को जोखिम कायमै छ।

यसबाट बच्न र बचाउनः
- सही तरिकाले मास्क लगाऔं।
- भेटघाट र जमघटमा कम्तिमा २ मिटरको दुरी कायम राखौं।
- साबुनपानीले नियमित हात धोऔं वा स्यानिटाइजर प्रयोग गरौं।
- खोक्दा वा हाच्छिंयू गर्दा नाक, मुख छोप्ने गरौं।
- घर तथा कार्यालयको नियमित सेनेटाइज गरौं।
- अनावश्यक भीडभाड नगरौं।
- हावा ओहोरदोहोर नहुने स्थान र भीडभाडमा नजाऔं।
- कोभिड-१९ विरुद्धको खोप तथा बुष्टर डोज लगाऔं।
- कोभिडको लक्षण देखिएमा समयमा नै परीक्षण गरौं।

सतर्क र सचेत बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
HBL Himalayan Bank Ltd
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*